# संविधानसभा : प्रक्रिया र अनुभवहरू

संविधानसभामार्फत् नयाँ संविधान निर्माण गर्ने विषय नेपालको सन्दर्भमा नयाँ होइन । जनताका प्रतिनिधिले संविधान लेख्ने कुराको चर्चा वि. सं. २००४ देखि नै चलेको हो । तर, शासकवर्गको निहित स्वार्थ वा भनौँ राजनीतिक शक्तिहरूको कमजोरीका कारण उक्त विषयले प्राथमिकता पाउन सकेन । फलस्वरूप, शासन व्यवस्थामा निश्चित अभिजातवर्गको बाहुल्य तथा प्रभाव कायम रह्यो । बहुसङ्ख्यक सर्वसाधारण नागरिकहरूले समान अधिकार र अवसरको अनुभूति गर्न पाएनन् । अभिजातवर्गको सानो समूहलाई संरक्षण गर्नुबाहेक राज्यले जनताको अधिकार र हित संरक्षण गर्नका लागि कुनै ठोस वा प्रभावकारी नीति तथा कार्यक्रमहरूको निर्माण गर्न सकेन ।

राज्यले अपनाएको यसै विभेदकारी नीतिको परिणामस्वरूप विगत १२ वर्षमा सशस्त्र द्वन्द्वको व्यापक विस्तार भयो । राज्यबाट समान अवसर तथा अधिकार पाउन नसकेका वर्ग तथा समुदायका कुण्ठाहरू हिंसात्मक रूपमा अभिव्यक्त हुने क्रम बढेर गयो । यसो भए तापनि राज्यको पुनःसंरचनामार्फत् शासकमा अन्तर्निहित शक्ति जनतामा हस्तान्तरण गर्ने आवश्यकतामा राजनीतिक शक्तिहरूको ध्यान पुग्न सकेन । सशस्त्र द्वन्द्वलाई सैन्यबलको प्रयोगद्वारा समाप्त पार्ने असफल प्रयास जारी रहे ।

तर, आज सशस्त्र द्वन्द्वको तीव्र विस्तार तथा यसलाई सैन्यबलको प्रयोगद्वारा समाप्त पार्ने प्रयासको असफलतासँगै लामो समयदेखि थन्किएर बसेको राज्यको पुनःसंरचनाको प्रसङ्ग राजनीतिक वृत्तमा प्रमुख प्राथमिकताको विषय बन्न पुगेको छ । निरङ्कुश राजतन्त्रका विरुद्ध सङ्घर्षरत सात राजनीतिक दल तथा विगत १२ वर्षदेखि सशस्त्र द्वन्द्व सञ्चालन गरिरहेको नेपाल कम्युनिस्ट पार्टी (माओवादी)का बीचमा २०६२ मङ्सिर महिनामा सम्पन्न १२ बुँदे समझदारीले वर्तमान द्वन्द्वको अन्त्यका लागि परम्परागत केन्द्रीकृत राज्य व्यवस्थालाई समाप्त पार्दै समावेशी तथा लोकतान्त्रिक राज्य व्यवस्था स्थापना गर्ने लक्ष्य निर्धारण गऱ्यो । गत वैशाख महिनामा सम्पन्न ऐतिहासिक जनआन्दोलनको सफलताले उक्त लक्ष्यलाई अत्यन्त महत्वपूर्ण राजनीतिक कार्यक्रममा रूपान्तरण गरिदिएको छ । फलस्वरूप, आज हामी ठूलो उत्साहका साथ नयाँ नेपालको निर्माणका लागि संविधानसभाद्वारा नयाँ संविधान निर्माण गर्ने लक्ष्यतर्फ उन्मुख भएका छौँ ।

शासन व्यवस्थामा जनताको अधिकार तथा पहुँचलाई सुनिश्चित गर्नकालागि संविधानसभा एक प्रभावकारी माध्यम हो भन्ने कुरामा दुईमत नहोला । यसका अतिरिक्त विश्वका कतिपय मुलुकमा विकसित भएका सशस्त्र द्वन्द्वको शान्तिपूर्ण समाधानका लागि समेत संविधानसभाद्वारा नयाँ संविधान निर्माण गर्ने कार्य अत्यन्त उपयोगी सिद्ध भएको छ । नेपालमा विद्यमान जातीय, क्षेत्रीय, भाषिक, लैङ्गिक, धार्मिक तथा सांस्कृतिक

विविधतालाई मध्यनजर गर्ने हो भने यहाँको सन्दर्भमा संविधानसभामार्फत संविधान निर्माण गर्ने प्रक्रियाको अझ ठूलो महत्व रहेको सजिलै बुझ्न सकिन्छ । तसर्थ, भविष्यमा सम्पन्न हुन गइरहेको संविधानसभाको निर्वाचन र यसद्वारा बन्ने नयाँ संविधानले शासकवर्गबाट जनतामा शक्ति हस्तान्तरणका लागि आधार तयार पार्ने कुरामा आशावादी हुन सकिन्छ ।

संविधानसभाको प्रसङ्गलाई जोडेर कतिपय मानिसहरूले यसलाई एक जटिल प्रक्रियाका रूपमा व्याख्या गर्ने गरेको पाइन्छ । संविधानसभाद्वारा नयाँ संविधान निर्माण गर्ने प्रक्रिया अवश्य पनि चुनौतिपूर्ण नै हुन्छ । निश्चित लक्ष्य प्राप्तिका लागि यसका विभिन्न चरण तथा प्रक्रियाका विषयमा गहन तयारी गर्नुपर्ने र होसियारी अपनाउनुपर्ने आवश्यकता हुन्छ । तर, लोकतान्त्रीकरण, समावेशीकरण र शान्तिनिर्माणको उद्देश्य प्राप्तिका लागि वर्तमान परिस्थितिमा संविधानसभाको विकल्प छैन । त्यसैले, संविधानसभालाई जटिल प्रक्रियाका रूपमा विश्लेषण गरिरहनुभन्दा यसको जटिलतालाई सामना गर्ने उपायका विषयमा चिन्तन तथा छलफल गर्नुपर्ने आवश्यकता रहेको छ ।

यसै आवश्यकतालाई मध्यनजर गर्दै राष्ट्रिय शान्ति अभियानले भीमार्जुन आचार्यद्वारा लिखित *संविधानसभाका प्रक्रिया र अनुभवहरू* नामको पुस्तक प्रकाशन गरेको छ । संसारका विभिन्न मुलुकका उदाहरणहरूलाई समेट्दै संविधानसभासँग जोडिएका विभिन्न विषयहरू, यसका चुनौती, र यसलाई सफलतापूर्वक सम्पन्न गर्नका लागि अपनाउन सकिने उपायका विषयमा प्रस्तुत पुस्तक उपयोगी हुनेछ भन्ने आशा गरिएको छ ।